वैठक संख्या : ६०(साठी)

आज मिति २०७८ भाद्र ३० गते विदुर नगरपालिकाका प्रमुख श्री सञ्जु पण्डित ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका वैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सञ्जु पण्डित | प्रमुख | |
| २ | श्री गिता कुमारी दाहाल (अर्याल) | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री बीरेन्द्र कुमार शाही | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री टलक मान श्रेष्ठ | वडा अध्यक्ष | |
| ७ | श्री शिव कुमार चित्रकार | वडा अध्यक्ष | |
| ८ | श्री राजु सडौला | वडा अध्यक्ष | |
| ९ | श्री महेन्द्र तमाङ | वडा अध्यक्ष | |
| १० | श्री फइ सिं तमाङ | वडा अध्यक्ष | |
| ११ | श्री सनी चित्रकार | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री तोयानाथ तिम्सीना | वडा अध्यक्ष | |
| १४ | श्री सीताराम अर्याल | वडा अध्यक्ष | |
| १५ | श्री दल बहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री मुरली मिजार | कार्यपालिका सदस्य | |
| १७ | श्री रामशरण मिजार | कार्यपालिका सदस्य | |
| १८ | श्री कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री राजकुमार कुमाल | कार्यपालिका सदस्य | |
| २० | श्री बिन्दा श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २१ | श्री मेनुका चौलागाई | कार्यपालिका सदस्य | |
| २२ | श्री रश्मी पाण्डे | कार्यपालिका सदस्य | |
| २३ | श्री रेखा लामा | कार्यपालिका सदस्य | |
| २४ | श्री मोहन प्रसाद मरासिनी | प्रमुख प्रशासकीय अधिकृत | |

Scanned with CamScanner

# ६० औं कार्यपालिका बैठक (२०७८।०५।३०)

**प्रस्तावहरु:**

१. आ.ब ०७७/०७८ वार्षिक समिक्षा सम्वन्धमा
२. गत आ.ब को योजनाको म्याद थप सम्वन्धमा
३. स्वीकृत वहुवर्षिय योजनाको वजेट व्यवस्थापन
४. वसपार्क ठेक्का सम्झौता कार्यान्वयन सम्वन्धमा
५. ढुङ्गा गिटी वालुवा राजश्व ठेक्का सम्वन्धमा
६. कृषि तथा पशु सेवाको कार्यक्रम सम्वन्धमा
७. विविध .

**निर्णयहरु:**

**१. ५९ औं नगर कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा :**

नगर कार्यपालिकाको ५९ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने ।

**२. आ.ब ०७७/०७८ बार्षिक समिक्षा सम्बन्धमा ।**

मिति २०७८ भाद्र ३० गते सम्पन्न भएको आर्थिक बर्ष २०७७/०७८ को वार्षिक समिक्षा कार्यक्रममा पेश भएको प्रगति प्रतिवेदन र आ.व. ०७४।०७५ देखिका महत्वपुर्ण योजनाहरुको तस्वीरहरु समावेश गरि बार्षिक प्रतिवेदन प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने ।

**३.गत आ.ब को योजनाको म्याद थप सम्बन्धमा ।**

आ.व. २०७७/०७८ को योजनाहरु कार्यान्वयन गर्ने क्रम कोभिड भाइसरको प्रकोप तथा समय अगाबै भएको वर्षातको कारणबाट निर्माण कार्य सम्पन्न हुन नसकी अधुरो रहन गएका योजनाहरु तपशिल बमोजिममा उल्लेखित शर्त भित्र चालु आर्थिक बर्षमा सम्पन्न गर्ने गरी म्याद थप गर्ने ।

तपशिल :

१) २० लाख भन्दा कम बजेट भएका योजनाहरुको म्याद थप नगरिने । तर, २० लाख भन्दा कम बजेट भएको तर निर्माण सम्पन्न गर्न सकिने योजना र खानेपानी सम्वन्धि योजनाहरुमा आवश्यकताको आधारमा निर्णय गरिने ।

२) प्रदेश/संघ समपुरक, शशर्त, बिषेश अनुदानबाट संचालित योजनाहरुको हकमा प्रथम चरणको ठेक्कामा समावेश भएको योजनाहरुको बाहेक अन्य चरणको ठेक्काको म्याद थप नगरिने ।



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| संघीय समपूरक अनुदान तर्फ : संघबाट आ.व.०७८।०७९ को लागि रु ३ करोड ९९ लाख सम्म र नगरपालिकाको आन्तरिक श्रोतबाट व्यवस्था गरिएको बजेट यसै आ.व. मा भुक्तानी गर्न सकिने बाँकी रकम आगामी आ.व. मा मुल्यांकनको आधारमा भुक्तानी गरिने । (मु.अ. कर, कन्टीन्जेन्सी समेत ) | | | |
| ५ | हात्तीगौडा-राईसिं-कागुने सडक | ७,५७,१८,३४९.५६ | १०,५०,३३,६४२.६३ |
| प्रदेश समपूरक अनुदान तर्फ : वागमती प्रदेशबाट आ.व.०७८।०७९ को लागि प्रति योजना रु ७५ लाख सम्म र नगरपालिकाबाट यस आ.व. मा प्रति योजना ३७ लाख ५० हजार र बाँकी रकम आगामी आ.व. मा मुल्यांकनको आधारमा भुक्तानी गरिने । (मु.अ. कर, कन्टीन्जेन्सी समेत ) | | | |
| ६ | कागुने आमथाङ सडक | ३,००,००,००० | ३,००,००,००० |
| ७ | गंगटेबाट आँपधारी चौतारा सडक निर्माण | ३,००,००,००० | ३,००,००,००० |
| ८ | जफती भैरुमकोट सडक निर्माण | ३,००,००,००० | ३,००,००,००० |
| ९ | हात्तिगौडा-पन्थगाउँ-भदुवार सडक निर्माण | ३,००,००,००० | ३,००,००,००० |

**५.बसपार्क ठेक्का सम्झौता कार्यान्वयन सम्बन्धमा ।**

विदुर नगरपालिका वडा नं. ४ बट्टार स्थित बसपार्कको सेवा शुल्क २ आर्थिक बर्ष (आ.व. ०७८।०७९ र ०७९।८०) सम्म उठाउने कार्यका लागि ठेक्का आव्हान भई विराट सेवाको नाममा ठेक्का स्वीकृत भएको र सम्झौताका लागि आउन मिति २०७८ असार २७ गते पत्र लेखिएकोमा हालसम्म सम्झौता गर्न नआएको र पुन : सुचना प्रकाशन गर्दा ठेक्का अवधि घट्ने र प्रतिस्पर्धा हुने सुनिश्चितता समेत नभएको हुनाले २०७८ असोज ७ गते भित्र सम्झौता गर्न मौका दिने र ठेक्का सूचनामा जेसुकै उल्लेख भएता पनि कबोल अंकको ५० प्रतिशत रकमको किस्ता र बैकग्यारेण्टी लिई चालु बर्षको सम्झौता गर्ने र बाकी रकमको सम्झौता २०७९ श्रावणमा गर्ने गरी सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने ।

**६.ढुङ्गा गिटी बालुवा राजश्व ठेक्का सम्बन्धमा ।**

विदुर नगरपालिका भित्रका नदीनाला र खानीबाट आ.व. ०७८।०७९ को लागि ढुंगा, गिट्टी, वालुवा लगायतका नदी तथा खानीजन्य पदार्थहरुको राजश्व संकलनको लागि ठेक्का आव्हान भई कल्पबृक्ष प्रसुन जेभीको नाममा ठेक्का परेको र नियमानुसार सम्झौताका लागि आउन मिति २०७८ श्रावण २१ गते पत्र लेखिएकोमा हालसम्म सम्झौता गर्न नआएको र पुन : सुचना प्रकाशन गर्दा ठेक्का अवधि घट्ने र प्रतिस्पर्धा हुने सुनिश्चितता समेत नभएको हुनाले २०७८ असोज ७ गते भित्र सम्झौता गर्न मौका दिने र तोकिएको म्याद भित्र सम्झौता गरेमा ठेकेदारले राखेका मागका विषयमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने ।



Scanned with CamScanner

## ७. कृषि तथा पशु सेवाको कार्यक्रम सम्बन्धमा ।

चालु आर्थिक बर्षको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत कृषि तथा पशु सेवा शाखाबाट सञ्चालन हुने तपशिल वार्षिक स्वीकृत भएका कार्यक्रमहरु देहाय बमोजिमको स्थानहरुमा सञ्चालन गर्ने ।

| क्र.सं. | कार्यक्रमको नाम | शाखा | विनियोजित बजेट | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाखा तथा बंगुर पकेट कार्यक्रम | पशु सेवा शाखा | २५ लाख | बाखा पकेट वडा नं. १३ बंगुर पकेट वडा नं. ६ | आन्तरिक |
| २ | दुध चिस्यान केन्द्र स्थापना | पशु सेवा शाखा | ५ लाख | ३, ५,७ र ९ | आन्तरिक |
| ३ | माछाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम | पशु सेवा शाखा | ८ लाख | ८ र ९ | संघीय शसर्त |
| ४ | हार्ट बजार निर्माण कोल्ड रुम सहित | कृषि विकास शाखा | १० लाख | १ | आन्तरिक |
| ५ | कृषि संकलन केन्द्र निर्माण | कृषि विकास शाखा | १५ लाख | २ र ३ | प्रदेश शसर्त |
| ६ | खौसी खेती प्रवर्द्धन कार्यक्रम | कृषि विकास शाखा | ५ लाख | १,२,४,५ | आन्तरिक/विविध |

## ८ .विविध ।

क) गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडक योजनाको च.नं. ३३२ मिति २०७८।०५।२७ को पत्र अनुसारको कार्य अगाडी बढाउनको लागि हाल कायम रहेको राजमार्गको २१ मी. चौडाइ सडक मापदण्डलाई कडाईका साथ लागु गर्ने ।

ख) विदुर नगरपालिकामा १४ बर्ष सम्म करार सेवामा सब-ईन्जिनियर पदमा कार्य गरी गर्त बर्ष सेवाबाट अलग भएका कर्मचारी श्री किरण बहादुर श्रेष्ठ लाई करारमा कार्यरत कर्मचारी अवकाश लिएमा दिइने सेवा सुविधा अन्तर्गत एकमुष्ट रु एक लाख पचास हजार रकम उपलब्ध गराउने ।

ग) यस विदुर नगरपालिकाबाट भई रहेको घ वर्गको निर्माण कम्पनीहरुको ईजाजत पत्र नविकरण गर्ने क्रममा आ.व. २०७७/७८ को नविकरण गर्न २०७७ चैत्र मसान्तसम्ममा कोभिडको रोकथाममा भएको विभिन्न चरणको लकडाउन लगायतका प्रतिकुल परिस्थितीको कारण नविकरण हुन नसकेका इजाजत पत्रहरुको आव. २०७८/७९ को नविकरण गर्दा आवश्यक दुवै आ.व.मा लाग्ने दस्तुर लिई नविकरण गर्ने ।

घ) विदुर नगरपलिका भित्र विभिन्न प्रकृतीका विपदबाटे भएका क्षेती वापत राहत उपलब्ध गराउने नगरपालिकाको निर्णय बमोजिम सम्बन्धीत व्यक्तिको माग दावी, वडा कार्यालयको सिफारिस, प्रहरी मुचुल्का र सम्बन्धीत शाखाको प्रतिवेदनको आधारमा निम्न व्यक्तिहरुलाई उल्लेखित



Scanned with CamScanner

क्षति अनुसार तपशिल बमोजिको रकम विविध विपद व्यवस्थापन शिर्षकबाट खर्च हुनेगरी उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | व्यक्तिको नाम | ठेगाना | प्रकोपको प्रकृती | क्षतिको विवरण | राहत रकम |
|---|---|---|---|---|---|
| १ | चन्द्रमान डंगोल | विदुर १० | आगलागी | घरमा आगलागी भई क्षती | २०,०००।- |
| २ | जगन्नाथ अधिकारी | विदुर ८ | बाढी | बाढीले खोर, दाना र चल्ला बगाएको | २९,६३७।- |
| ३ | रत्न प्रसाद न्यौपाने | विदुर ८ | बाढी | बाढी घरभित्र पसेर अन्नपात, भाडाकुडा, लताकपडा बगाएको | ४७,२५०।- |
| ४ | विष्णु बहादुर थापा | विदुर ८ | बाढी | बाढी घरभित्र पसेर अन्नपात, भाडाकुडा, लताकपडा बगाएको | १५,७५० |
| ५ | रामकृष्ण पुडासैनी | विदुर ८ | बाढी | बाढी घरभित्र पसेर अन्नपात, भाडाकुडा, लताकपडा बगाएको | १२,६००।- |
| ६ | रमिता झा | विदुर ८ | बाढी | बाढीले खोर, दाना र चल्ला बगाएको | २८,०५०।- |

ङ) विदुर नगरपलिका अन्तर्गत वडाहरुको सामाजिक सुरक्षा भत्ता वितरणलाई अझ सहज बनाउन विदुर नगरपालिका कार्यक्षेत्र भई सेवा दिईरहेका बैंक तथा वित्तिय संस्थाबाट ईच्छुक भएको आशय प्राप्त भएको हुँदा यस आ.व. बाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा तपशिल अनुसारको वडाहरुको उल्लेख भए बमोजिमको बैंकका शाखाबाट गराउने गरी सम्झौता कार्य अगाडी बढाउने ।

| क्र.सं. | वडा नं. | बैंकको नाम | शाखा/स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | १ | सानिमा बैंक लि. | विदुर | |
| २ | २ | मेघा बैंक लि. | बट्टार | |
| ३ | ३ | लुम्बिनी विकास बैंक लि. | देविघाट | |
| ४ | ४ | राष्ट्रिय वाणिज्य बैंक लि. | विदुर | |
| ५ | ५ | ग्लोबल आई एम ई बैंक लि. | बट्टार | |
| ६ | ६ | प्रभु बैंक लि. | बट्टार | |
| ७ | ७ | एन आई सी एसिया बैंक लि. | बेत्रावती | |
| ८ | ८ | प्रभु बैंक लि. | बट्टार | |
| ९ | ९ | प्रभु बैंक लि. | बट्टार | |
| १० | १० | एन आई सी एसिया बैंक लि. | बेत्रावती | |
| ११ | ११ | सिद्धार्थ बैंक लि. | बट्टार | |
| १२ | १२ | एन एम वि बैंक लि. | बट्टार | |
| १३ | १३ | आई सि एफ सि फाईनान्स लि. | त्रिशुली | |

च) विदुर नगरपालिका वडा नं. २ को सम्पदा बस्ती अनुदान कार्यक्रम अन्तर्गत प्रति घर रु. ४० हजार अनुदान दिइदै आएकोमा यस आ.व.मा समेत निरन्तरता गर्ने गरी रु. ५ लाख विनियोजन गर्ने र उक्त रकम विविध सार्वजनिक निर्माण शिर्षकबाट उपलब्ध गराउने ।



Scanned with CamScanner

छ) नगरपालिकाको स्वीकृत आर्थिक ऐन २०७८ अनुसार कन्सुलर भेरिफिकेशन बापत रु. १०००।० शुल्क नगरपालिकाले लिदै आएकोमा मिति २०७८ भाद्र ३१ गते देखि उक्त शुल्क नलिने । तर वडा कार्यालयमा शुल्क बुझाएको रसिद अनिवार्य रुपमा प्रमाणित गर्दाका बखत पेश गर्नुपर्ने ।

ज) नुवाकोट क्रिकेट संघले जिल्लामा क्रिकेट खेलका गतिविधिलाई बढाई राष्ट्रिय तथा अन्तंराष्ट्रिय स्तरका क्रिकेट खेल आयोजना गर्न समेत उपयुक्त हुने गरी खेल मैदान निर्माण गर्न जग्गा उपलब्ध गराइदिन अनुरोध गरेको हुनाले विदुर नगरपालिका वडा नं. २ अन्तर्गत कित्ता नं. ६०२ को जमिन उपलब्ध गराउन सिफारिश गर्ने निर्णय गरियो ।

झ) बहिरासंघ नुवाकोटको लागि विभिन्न कार्यक्रम कार्यान्वियन गर्न संघ संस्था साझेदारी कार्यक्रमबाट रु. २ लाख उपलब्ध गराउने ।

ञ) विदुर नगरपालिका वडा नं. ६ स्थित जे.डि स्कुलले कक्षा ११ र १२ का लागि अनुमति पाउ पनि निवदेन दिएको र नगर शिक्षा समितिले अनुमतिका लागि कार्यपालिका समक्ष शिफारिश गरेको हुनाले उक्त स्कुललाई कक्षा ११ र १२ संचालनको अनुमति दिने ।

ट) नगरपालिकाको चालु आर्थिक बर्षको स्वीकृत बार्षिक कार्यक्रममा वडा नं. १० को वडास्तरीय योजना (सि.नं. १९४) मा मगरटोल देखि सुन्दरी विद्यालय जोडने सडक भएकोमा वडा कार्यालयको माग बमोजिम उक्त योजनाको नाम मगर टोल देखि विद्यालय हुदै वाहुनटोल कृषि सडक कायम गर्ने ।

ठ) विदुर नगरपालिका वडा नं. ९ मा रहेको खुल्ला जीम स्थलमा सौचालय निर्माणका लागि रु. ५ लाख विविध सार्वजनिक निर्माण शिर्षकबाट विनियोजन गर्ने ।

ड) विदुर नगरपालिकामा विभिन्न पद र सेवामा करारमा कार्यरत कर्मचारीको म्याद २०७८ पौष मसान्त सम्म थप गर्ने ।

२०७८।५।२०



Scanned with CamScanner